# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०४।२७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौका उप-महानिर्देशक डा. रमेश विक्रम सिंहले तत्कालीन अवस्थामा मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, हेटौंडामा कार्यरत रहँदा निर्देशनालय मातहतको सर्लाही जिल्ला स्थित हेमपुर स्वास्थ्य चौकीका अ.हे.व. को कार्य सम्पादन मुल्याङ्कन फारामहरु पुनः भरी मूल्याङ्कन पश्चात हालवालाबाट सही गराउने क्रममा निज समक्ष प्रस्तुत गर्दा सो कार्यको लागि विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटिई गएको टोलीले निजलाई रु. १०,०००/- (दश हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, निजलाई बिगो रु. १०,०००/- (दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफा र उपदफाको देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता